# नेपाल खुल्ला विश्वविद्यालयबाट ५४५ विद्यार्थी दीक्षित

## मुलुकभित्रका बेथिति आपसी समन्वयमार्फत अन्त्य गर्दै जानुपर्छ : प्रधानमन्त्री कार्की



काठमाडौँ(जस)-नेपाल खुल्ला विश्वविद्यालयबाट ५४५ विद्यार्थी दीक्षित भएका छन् । विश्वविद्यालयद्वारा प्रधानमन्त्री एवं कुलपति सुशीला कार्कीको प्रमुख आतिथ्यमा आइतबार यहाँ आयोजित समारोहमा विज्ञान, स्वास्थ तथा प्रविधि सङ्काय, सामाजिक शास्त्र तथा शिक्षा सङ्काय र व्यवस्थापन तथा कानुन सङ्कायका गरी पाँच सय ४५ उत्तीर्ण विद्यार्थी दीक्षित भएका हुन् । तीमध्ये समारोहमा एक सय ९१ जनाको उपस्थिति थियो ।

प्रधानमन्त्री कार्कीले स्नातक र स्नातकोत्तर तहमा उत्कृष्टता हासिल गर्ने विद्यार्थीलाई कुलपति पदकसमेत वितरण गरे । समारोहमा शिक्षाविद एवं त्रिभुवन विश्वविद्यालयका पूर्व उपकुलपति केदारभक्त माथेमा प्रमुख अतिथि रहेका छन् । विसं २०७३ मा स्थापित विश्वविद्यालयले हाल स्नातक, स्नातकोत्तर, एमफिल र विद्यावारिधि तहमा अध्यापन गराउँदै आएको छ ।

प्रधानमन्त्री सुशीला कार्कीले मुलुकभित्र रहेका बेथिति, विसङ्गति, भ्रष्टाचारलाई आपसी सहकार्य, समन्वयमार्फत अन्त्य गर्दै जानुपर्ने धारणा राखेकी छन् । नेपाल खुल्ला विश्वविद्यालयद्वारा प्रधानमन्त्री एवं कुलपति कार्कीको प्रमुख आतिथ्यमा आइतबार यहाँ आयोजित पहिलो दीक्षान्त समारोहमा उनले उत्कृष्ट उच्च शिक्षामार्फत स्वदेशभित्र रोजगारीका अवसर सिर्जना गरी विद्यमान समस्या समाधान गर्दै जानुपर्नेमा जोड दिइन ।

"हाम्रो मुलुक अरुले आएर बनाइदिने होइन, हामीले बनाउने हो । बेथितिबाट भाग्ने होइन । हामीले बेथिति, भ्रष्टाचारलाई हटाउँदै जानुपर्छ", प्रधानमन्त्री कार्कीले भनिन, "दीक्षित विद्यार्थीलाई मुलुक बनाउने अभियानमा सहकार्य गर्न म आग्रह गर्दछु । विश्वविद्यालयले प्रतिभा पलायन हुन नदिने, आजका युवाको बदलिँदो स्थितिलाई सम्बोधन गर्ने र उत्पादित जनशक्तिले स्वदेशमा योगदान दिनसक्ने गरी उत्पादनमुखी शिक्षा दिन सक्नुपर्छ ।"

समारोहमा प्रमुख अतिथि शिक्षाविद् एवं त्रिभुवन विश्वविद्यालयका पूर्वउपकुलपति केदारभक्त माथेमाले जीवनपर्यन्त सिकाइमा लाग्नु र कठिन अवस्थामा पनि सिकाइलाई निरन्तरता दिनसक्नु खुल्ला विश्वविद्यालयका विद्यार्थीको दायित्व हुने बताए । कार्यक्रमा सहभागी विभित्र सङ्कायका उत्तीर्ण विद्यार्थीलाई दीक्षित गरिएको थियो ।

# त्रिविले अतिरिक्त क्रियाकलापलाई पनि शैक्षिक अंकभार दिने

काठमाडौँ(जस)-त्रिभुवन विश्वविद्यालयका विद्यार्थीले अब शैक्षिक प्रमाणपत्रमा पढाइसँगै उनीहरूले गरेका अतिरिक्त क्रियाकलापमा देखाएको प्रतिभा र योगदानको समेत अङ्क प्राप्त गर्ने भएका छन् । विश्वविद्यालयले देशमै पहिलोपटक अतिरिक्त क्रियाकलापलाई औपचारिक रूपमा शैक्षिक अङ्कभार (एकाडेमिक क्रेडिट)मा समावेश गर्ने नीति अघि सारेको छ । विद्यार्थी कल्याण तथा खेलकुद निर्देशनालयका निर्देशक डा दीपेन्द्र पराजुलीका अनुसार विद्यार्थीले सामाजिक सेवा, विपद् व्यवस्थापन, खेलकुद, ललितकला, विज्ञान-प्रविधि, नवप्रवर्तन, उद्यमशीलता तथा व्यवस्थापनजस्ता क्षेत्रमा उत्कृष्ट प्रदर्शन गरेमा त्यसको मूल्याङ्कन गरी शैक्षिक प्रमाणपत्रमै अङ्कका रूपमा समावेश गरिनेछ ।

उनले भने, "विद्यार्थीले विश्वविद्यालयभित्र वा बाहिर प्रतियोगिता, कार्यक्रम वा अवसरमा उत्कृष्ट प्रदर्शन गरेको प्रमाणपत्र पेस गरेकै भरमा अङ्क प्रदान गरिँदैन । त्यसअघि विद्यार्थीको सम्पूर्ण गतिविधि केन्द्रीय संयन्त्रमार्फत अनुगमन, अभिलेखीकरण र प्रमाणीकरण गरिनेछ ।" यस प्रयोजनका लागि प्रत्येक क्याम्पसस्तरमा राष्ट्रिय सेवा योजना, राष्ट्रिय सेवा दल, उपकुलपति कप खेलकुद, ललितकला तथा विज्ञान, नवप्रवर्तन, प्रविधि र उद्यमशीलता कार्यक्रमका संयोजकहरूले हरेक सेमेस्टरमा विद्यार्थीको सहभागिता, संलग्न समय (घण्टा) तथा कार्यसम्पादनसम्बन्धी आधिकारिक अभिलेख पेस गर्नुपर्ने व्यवस्था गरिएको छ । ती विवरणहरू त्रिभुवन विश्वविद्यालयको विद्यार्थी कल्याण तथा खेलकुद निर्देशनालयबाट प्रमाणीकरण र स्वीकृत गरिनेछ ।

साथै, विद्यार्थीका सम्पूर्ण गतिविधि, सहभागिता घण्टा र प्राप्त क्रेडिट अङ्क अभिलेख गर्न केन्द्रय डिजिटल प्रणाली विकास गरिनेछ । गुगल फर्म/गुगल सिटमा आधारित एकीकृत ड्यासबोर्डमार्फत विद्यार्थीगत रूपमा आर्जित क्रेडिट, कार्यक्रमअनुसार आवश्यक घण्टा पूरा गरेका विद्यार्थी तथा क्याम्पसहरूबीचको तुलनात्मक अवस्था स्पष्ट रूपमा देखिनेछ । केन्द्रीय रूपमा अनुगमन र प्रमाणीकरण भइसकेपछि मात्र विद्यार्थीले पेस गरेको प्रमाणपत्रका आधारमा प्राप्त उपलब्धि उनीहरूको शैक्षिक प्रमाणपत्रमा अङ्कका रूपमा समावेश गरिनेछ ।

यस नीतिबाट विद्यार्थीको समग्र ग्रेड वृद्धि हुनेमात्र नभई विभिन्न क्षेत्रमा लुकेका प्रतिभाको पहिचान, विकास र संस्थागत प्रोत्साहनमा ठूलो सहयोग पुग्ने डा पराजुलीले बताए । विश्वविद्यालयले शैक्षिक कार्यक्रममा समावेश गरिसकेको राष्ट्रिय सेवा योजना, राष्ट्रिय सेवा दल, उपकुलपति कप खेलकुद, ललितकला तथा आइटिएई कार्यक्रमअन्तर्गत उत्कृष्ट प्रदर्शन गर्ने विद्यार्थीहरू यस प्रणालीबाट प्रत्यक्ष लाभान्वित हुनेछन् ।

त्यसैगरी, हरेक केन्द्रीय विभागमा उत्कृष्ट अङ्क प्राप्त गर्ने विद्यार्थीलाई शिक्षण सहायक वा अनुसन्धान सहायकका रूपमा नियुक्त गरी विश्वविद्यालयभित्रै सेवा गर्ने अवसर प्रदान गर्ने नीति पनि अघि सारिएको छ । साथै, विश्वविद्यालय बाहिर विभिन्न विधामा उत्कृष्टता प्रदर्शन गरेका विद्यार्थीलाई भर्ना प्रक्रियामा विशेष सुविधा प्रदान गर्ने व्यवस्थासमेत प्रस्ताव गरिएको छ । यस सम्बन्धमा अवधारणापत्र तयारीको चरणमा रहेको जानकारी दिँदै डा पराजुलीले उक्त नीति प्राज्ञिक परिषद्बाट पारित भएपछि औपचारिक रूपमा कार्यान्वयनमा आउने बताए । "देशमै पहिलोपटक अतिरिक्त क्रियाकलापलाई शैक्षिक अङ्कभारमा समावेश गर्दैछौँ", उनले भने ।

# आगामी बुधबार काठमाडौँ महोत्सव हुँदै

काठमाडौँ(जस)-नेपाल उद्योग वाणिज्य सङ्घले यही माघ १४ देखि १७ गतेसम्म भृकुटीमण्डपमा 'काठमाडौँ महोत्सव तथा व्यापार मेला' आयोजना गर्ने भएको छ । महोत्सवका माध्यमबाट स्थानीय उत्पादन, कला, संस्कृति, पर्यटन, व्यापार, नवप्रवर्तन तथा उद्यमशीलताको प्रवर्द्धनमा टेवा पुग्ने अपेक्षा गरिएको सङ्घका अध्यक्ष दिनेश श्रेष्ठले बताए ।

महोत्सवमा २०० भन्दाबढी अत्याधुनिक तथा व्यवस्थित व्यावसायिक 'स्टल'मा स्थानीय तथा राष्ट्रिय उत्पादन र सेवाको प्रदर्शनी गरिनेछ । साथै हस्तकला, मूर्तिकला तथा पर्यटन प्रवर्द्धनसम्बन्धी कार्यक्रम पनि समावेश गरिएका छन् । उनले लघु, घरेलु, साना तथा मझौला उद्योगलाई आफ्ना उत्पादनको बजारीकरण गर्न मेला उपयोगी हुने बताए । काठमाडौँ महानगरपालिका र उपत्यकाभित्रका छ वटा पालिकाका सबै वडाका मौलिक उत्पादन पनि महोत्सवमा प्रदर्शन गरिने छन् ।

# अमेरिकी बजारमा नेपाली पर्यटनको प्रवर्द्धन

काठमाडौँ(जस)-नेपाल पर्यटन बोर्ड र केहि निजी कम्पनीहरुले अमेरीकी बजारमा नेपाली पर्यटनको प्रवर्द्धन गरिरहेका छन् । बोर्डले ट्रेकिङ एजेन्सिज एसोसिएसन अफ नेपाल (टान) सँगको समन्वयमा जनवरी २४-२५ मा न्यूयोर्कको ज्याकोब के. जाभिट्स कन्भेन्सन सेन्टरमा आयोजना हुने ट्राभल एण्ड एडभेन्चर शो न्यूयोर्क २०२६ मा भाग लिएको छ ।

बोर्डका अनुसार यस सहभागिताको मुख्य उद्देश्य संयुक्त राज्य अमेरिकामा नेपालको दृश्यतालाई सुदृढ पार्नु हो । अमेरिका हाल नेपालको लागि दोस्रो ठूलो स्रोत बजार हो र यस कार्यक्रमले यात्रा व्यापार साझेदारहरू र सम्भावित यात्रुहरूसँग प्रत्यक्ष संलग्न हुने अवसर प्रदान गर्दछ । नेपाल प्याभिलियन (बुथ नम्बर ५१५) मा एनटीबी र टानसँगै छ वटा नेपाली पर्यटन कम्पनीहरूले देशको प्रतिनिधित्व गरिरहेका छन् । ती कम्पनीहरूमा एसियन हेरिटेज ट्रेक्स एण्ड ट्राभल्स, एक्सप्लोर भ्याकेसन, फ्रेन्ड्स एडभेन्चर टीम ट्रेकिङ एण्ड माउन्टेनियरिङ, हिमालयन ग्लेशियर एडभेन्चर एण्ड ट्राभल कम्पनी, नेपाल भिजन ट्रेक्स एण्ड एक्सपिडिसन र टच कैलाश ट्राभल्स एण्ड टुर्स समावेश छन् ।

एनटीबीका अनुसार नेपाली मण्डपले पदयात्रा, साहसिक कार्य र यात्रा अनुभवहरू प्रदर्शन गर्दैछ । यसले देशको प्राकृतिक सौन्दर्य, सांस्कृतिक सम्पदा र अमेरिकी बजारमा उपलब्ध विविध साहसिक पर्यटन प्रस्तावहरूलाई हाइलाइट गर्नेछ । ट्राभल एण्ड एडभेन्चर शो न्यूयोर्क अमेरिकाका प्रमुख उपभोक्ता यात्रा शोहरू मध्ये एक हो, जसले देशभरका यात्रा पेशेवरहरू र साहसिक उत्साहीहरूलाई आकर्षित गर्दछ ।

# गुन्द्रुकसम्बन्धी राष्ट्रिय कार्यशाला गर्दै हान

काठमाडौँ(जस)-होटल व्यवसायीहरूको छाता सङ्गठन होटल एशोसिएसन नेपाल (हान) ले भुँड्कामा सागपात आदि खाँदी अमिल्याएर बनाइने तिहुन (गुन्द्रुक) को प्रवर्द्धनका निम्ति राष्ट्रिय कार्यशाला आयोजना गर्ने भएको छ । हानका अध्यक्ष विनायक शाहले 'द भ्वाइस अफ सेफ्स'को छैटौँ वार्षिकोत्सवका अवसरमा आइतबार राजधानीमा आयोजित कार्यक्रममा उक्त जानकारी दिएका हुन् । उनले भने, "नेपाल आउने करिब ९० प्रतिशत विदेशी पर्यटकले नेपाली खाना खोज्ने गरेका छन् र त्यसका लागि हामीले हाम्रो परम्परागत खानालाई प्रवर्द्धन गर्नुपर्छ ।"

उनले गैरआवासीय नेपाली तथा विदेशमा रहेका नेपाली सङ्घसंस्थासँग सहकार्य गरी नेपाली खानाको प्रचार गर्ने तथा स्वदेशमा सातै प्रदेशमा खाना महोत्सवको तयारी भइरहेको जानकारी दिए । पर्यटन क्षेत्रका जानकार अभिषेकविक्रम शाहले नेपालीपन नहराउने गरी परिकारलाई विश्वस्तरमा पुऱ्याउन सेफहरुको महत्वपूर्ण भूमिका रहेको बताए । वरिष्ठ सेफ गोविन्दनरसिंह केसीले सेतो लुगामा कालोदाग लाग्न दिन नहुनेतर्फ सबै सेफ सचेत रहनुपर्नेमा जोड दिए । उनले नयाँ पुस्तालाई काममा विश्वास राख्न, पेसाको सम्मान गर्न, अनुशासनमा बस्न र सिकाइलाई कहिल्यै नछाड्न सुझाव दिए । "भान्सा केवल पकाउने स्थान मात्र होइन, यो देशको संस्कृति, पहिचान र परिकारलाई विश्वसामु चिनाउने मञ्च हो", सेफ केसीले भने ।

वरिष्ठ सेफहरु श्याम लामा, रत्नबहादुर थापा, जित लामा पाखिन, रेशम कुमार तामाङ, प्रशिक्षक सूर्यकिरण श्रेष्ठले होटलका भान्सामा रहने सेफ कहिल्यै अवकाश नहुने भन्दै उनीहरुका निम्ति अवसर नै अवसर रहेका बताए । त्यस अवसरमा यसवर्षको 'सेफ कोट' सम्मान सज्जनचन्द्र खनाललाई प्रदान गरिएको थियो भने 'सेलिब्रेटी सेफ' सम्मान प्रकाश कटुवाल, 'आर्टिस्ट सेफ' सम्मान प्रमानन्द कुँवर, नेपाली 'ग्यास्ट्रोनोमी एक्सिलेन्स' सम्मान श्याम थापा, 'अर्गनाइजेशनल लिडरसीप' सम्मान रेशमकुमार तामाङलाई प्रदान गरिएको थियो ।


**Oman मा रोजगारीको अवसर**

**कम्पनी**: Nasayem Al Bait Al Saeed Trading    **शहर** : Oman

**पूर्व स्वीकृति मिति**: २०८२-१०-११    **च.नं.**: 60251187    L.T. No : 337681

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब OR | मासिक तलब ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना बस्ने सुविधा सुविधा | करार अबधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Arabic Coffee Maker | 2 | 0 | स.काममा दक्ष | 170 | ६४,८३०।- | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | २ वर्ष |

**अन्तरवार्ता मेनपावर कार्यालय काठमाडौंमा २०८२ माघ १९ गते** (2 February 2026) **हुनेछ ।**

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्होर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्होर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्होर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष (एसएसएफ) | भिषा शुल्क कस्ले व्होर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्होर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्होर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवा शुल्क कति लाग्ने र कस्ले व्होर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाताले | कामदारले तिर्ने | रोजगारदाताले | रोजगारदाताले | रु.२५९६ कामदारले | रोजगारदाताले | रोजगारदाताले | रु. ७०० कामदारले | रु. १,५०० कामदारले | नि:शुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सुचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफू जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफूसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, ताहाचलमा सम्पर्क गर्नु होला ।

**INTERPID RECRUITMENT SERVICES PVT. LTD**

Permission No. 1676/080/081

Sinamangal-9, Kathmandu, Tel: +977-1-4560530/456031, 9851405196, 9802368141

Email: info@interpidhr.com, Web: www.interpidhr.com

INTREPID LEARN ADAPT EVOLVE



Government of Nepal
Ministry of Energy, Water Resources and Irrigation
Department of Water Resources and Irrigation

**Irrigation and Water Resources Management Project**

Mahendranagar, Kanchanpur

**Notice of Intention for Award of Contract**

**Date of Publication: 26th January 2026(2082/10/12)**

This is to notify all bidders and concerned parties that, in reference to the bid notice published on 8 July 2025 in The Kathmandu Post, regarding the contract details mentioned below, and pursuant to Clause 41.1 of the ITB of the bidding documents as well as Rule 31(a), Sub-rule (7) of the Public Procurement Regulation 2064, this notice is hereby issued to inform that we have decided to accept the bid of the following bidder as the lowest evaluated substantially responsive bid and intent to award the contract.

**ContractNo** : PRBFRMP/Works/MK/CW-13
**Name of works:** Extension of Flood Control Works at Mohana Khutiya River Basin.

| S.N | Name of Bidder | Evaluated Bid Price (Inc.of PS and VAT) | Remarks |
|---|---|---|---|
| 1 | Kankai-SK-KIB JV, Kathmandu | 115,146,379.84 | |

**Project Chief**



**कालिका नगरपालिका**

**नगर कार्यपालिकाको कार्यालय**

**रेडक्रससग्राम, चितवन**

**बोलपत्र स्वीकृत गर्ने आशयको सूचना**

**(सूचना प्रकाशन मिति: २०८२-१०-१२)**

यस कालिका नगरपालिकावाट तपसिलमा उल्लेखित मितिमा प्रकाशित बोलपत्र आह्वान सूचनाको म्याद भित्र पर्न आएका बोलपत्रहरुको मूल्यांकन हुँदा न्यूनतम मूल्यांकित सारभूत रुपमा प्रभावग्राही तपसिल अनुसारको बोलपत्र स्वीकृतिका लागि पेश भएकोले सार्वजनिक खरिद ऐन २०६३ को दफा २७ को उपदफा (२) र (३) प्रयोजनका लागि बोलपत्र स्वीकृत गर्ने आशयको ७ (सात) दिने सूचना प्रकाशित गरिएको छ।

**तपसिल:**

| S. N. | Bid IFB No. | Name of Projects | Date of First Notice Publication | Quoted Amount with VAT (NRs.) | Name of Lowest Evaluated Substantially Responsive Bidder | Remarks |
|---|---|---|---|---|---|---|
| 1. | 03/Goods/NCB/KM/082/083 | SUPPLY AND DELIVERY OF PRINTERS, TONER CARTRIDGES, BRANDED DESKTOP COMPUTERS, LAPTOPS | 2082-08-09 (BS) | 19,95,450.05 | RIMAL ENTERPRISES, Kathmandu | |

**प्रमुख प्रशासकीय अधिकृत**